


# भाजपा सिक्किमद्वारा पिउने पानीको सङ्कट समाधान गर्न मुख्यमन्त्रीलाई व्यक्तिगत हस्तक्षेपको अनुरोध

**गान्तोक, १० फरवरी (हिस):** भारतीय जनता पार्टी (भाजपा) सिक्किमले गान्तोक शहरमा हाल पिउने पानीको व्यापक अभाव देखिएको र यहाँका मानिसहरूले धेरै कठिन परिस्थितिको सामना गर्नु परिरहेको बताएको छ। प्रदेश भाजपाले राज्यका मुख्यमन्त्रीलाई यस विषयमा व्यक्तिगत रूपमा हस्तक्षेप गर्न र यो सङ्कट तुरुन्तै समाधान गर्न विशेष कार्यदल गठन गर्न अनुरोध गरेको छ। प्रदेश भाजपाका राज्य सचिव निरेन भण्डारी आज जारी एक प्रेस विज्ञप्तिमा गान्तोक शहरमा देखा परिरहेको पिउने पानीको सङ्कटले जनसाधारण, विशेष गरी विद्यार्थी र साना व्यवसायीहरूको दैनिक जीवन निकै प्रभावित बनेको बताएका छन्। उनले राते चुमा पानीको मुख्य स्रोत सुक्दै गएको छ भने धेरै पानीका पाइपहरू अवरुद्ध भएको जनाएका छन्। यसैकारण सम्पूर्ण पानी आपूर्ति प्रणाली नै ध्वस्त भएको र मानिसहरू धेरै दिनदेखि पिउने पानीबाट वञ्चित रहेको उनले दाबी गरेका छन्।



विद्यार्थीहरूले हाल आफ्नो परीक्षा दिइरहेको जनाउँदै उनले पिउने र सरसफाइको लागि सफा पानीको अभावका कारण उनीहरूले आफ्नो पढ़ाइमा ध्यान केन्द्रित गर्न नसकिरहेको बताएका छन्। अर्कोतिर, उनले मानिसहरू पीड़ामा परेका बेला सम्बन्धित विभाग मौन बसेको आरोप पनि लगाएका छन्। उनले अधिकारीहरूलाई प्रत्येक ठाउँमा पानीको ट्याङ्कर पठाएर तत्काल राहत प्रदान गर्न अनुरोध पनि गरेका छन्।

यसैगरी, सचिव भण्डारीले चाँड़ो सामान्य आपूर्ति पुनर्स्थापित गर्न युद्धस्तरमा मरम्मत गरिनुपर्ने, दीर्घकालीन समाधानको लागि सरकारले वर्षाको पानी सङ्कलन र अन्य नयाँ पानीका स्रोतहरू हेर्न थाल्नुपर्ने सुझाउ पनि दिएका छन्। उनले मुख्यमन्त्रीलाई यस विषयमा व्यक्तिगत रूपमा हस्तक्षेप गर्न र यो सङ्कट तुरुन्तै समाधान गर्न विशेष कार्यदल गठन गर्न अनुरोध गरेका छन्। यो अवस्था किन यति खराब भयो भन्ने कुराको जवाफदेहिता हुनुपर्ने जनाउँदै उनले शहरको पानीको समस्यालाई समाधान गर्न अर्को विधानसभा सत्रमा छुट्टै बजेट पनि राख्नुपर्ने भनेका छन्।

## सोरेङमा वित्तीय साक्षरता सप्ताह पालन

**सोरेङ, १० फरवरी (आईपीआर):** सोरेङका महकुमा अधिकारी (मुख्यालय) प्रेम के सुब्बाले मङ्गलवार सोरेङमा वित्तीय साक्षरता सप्ताह २०२६ को शुभारम्भ गरेका छन्। यस वर्षको विषयवस्तु 'सुरक्षित ब्याङ्किङमा तपाईंको पहिलो कदम' रहेको छ।

यस अवसरमा महकुमा अधिकारी (मुख्यालय)–ले वित्तीय साक्षरता सप्ताह २०२६ को आधिकारिक पोस्टर पनि अनावरण गरे। कार्यक्रमको उद्देश्य विशेष गरी जिल्लाका ग्रामीण समुदायहरूमा वित्तीय जागरूकता प्रवर्द्धन गर्नु हो।

वित्तीय साक्षरता सप्ताह ९ देखि १३ फरवरी, २०२६ सम्म मनाइनेछ। यस अवधिमा सुरक्षित ब्याङ्किङ अभ्यास र वित्तीय समावेशीकरणबारे मानिसहरूलाई शिक्षित गर्न जागरूकता गतिविधि र आउटरिच कार्यक्रमहरू सञ्चालन गरिनेछ।

कार्यक्रममा उपनिर्देशक, आरओ (एलआर तथा डीएमडी), बीबी राई, आरबीआई प्रबन्धक, गान्तोक उत्कल साहु, आरबीआई सहायक सैलाब तामाङ र सुरजित बसक र एसबीआई, एक्सिस ब्याङ्क, सिस्को, आईडीबीआई, सेन्ट्रल ब्याङ्क अफ् इण्डिया र ब्याङ्क अफ् बड़ौदाका प्रतिनिधिहरू उपस्थित रहेका थिए।

# मङ्गनमा ट्रान्सजेन्डर मुद्दा र नशा मुक्ति भारत अभियानमाथि जागरूकता कार्यक्रम आयोजित

**मङ्गन, १० फरवरी (आईपीआर):** लैङ्गिक समावेशीकरण, कानुनी अधिकार र पदार्थ दुरुपयोगको बढ्दो चिन्तामा केन्द्रित मङ्गलवार डीएसी सम्मेलन हलमा ट्रान्सजेन्डर मुद्दा र नशा मुक्ति भारत अभियानमाथि जागरूकता कार्यक्रम आयोजन गरियो।




कार्यक्रममा एलजीबीटीक्यूआईए+ पहिचान, लिङ्गलाई वर्णक्रमको रूपमा मान्यता दिने, समुदायले सामना गर्ने अन्तर्निहित सामाजिक चुनौती र समान नागरिकको रूपमा उनीहरूको अधिकार सम्बन्धी विस्तृत चर्चा गरियो। २०१४ मा सर्वोच्च न्यायालयले ट्रान्सजेन्डर व्यक्तिहरूलाई कानुनी रूपमा मान्यता दिएको र त्यसपछि ट्रान्सजेन्डर व्यक्ति (अधिकार संरक्षण) ऐन, २०१९ लागू भएको कुरा प्रकाश पारिएको थियो।

रेनबो हिल्स कल्याण सङ्घका सदस्य अविनम मगरले कलङ्क र कठोर लैङ्गिक पहिचान निर्माणका कारण समुदायले सामना गरिरहेका चुनौतीहरू साझा गरे। उनले ट्रान्सजेन्डर अधिकार मानव अधिकार हो भन्ने कुरामाथि जोड़ दिँदै स्वीकृति र समावेशीकरणलाई बढ़ावा दिन सामूहिक सामाजिक जिम्मेवारीको लागि आह्वान गरे। सरकारी संस्थाहरूको संवेदनशीलताको आवश्यकतामाथि जोड़ दिँदै उनले सक्रिय जिल्ला टीजी सुरक्षा कक्षको भूमिकामाथि प्रकाश पारे तथा आयुष्मान भारत टीजी प्लस कार्ड योजना र स्माइल योजनाजस्ता योजनाहरूबारे अवगत गराउनुका साथै ट्रान्सजेन्डर पहिचान प्रमाणपत्रको लागि राष्ट्रिय पोर्टलबारे जानकारी दिए। डा. मङ्गडालेनाले स्वास्थ्य सम्बन्धी चिन्ता, विशेष गरी कलङ्क र जागरूकताको अभावबाट उत्पन्न हुने स्वचिकित्साको जोखिम, जसले प्रायः शारीरिक र मानसिक स्वास्थ्य समस्या र धेरै अवस्थामा, पदार्थ दुरुपयोग निम्त्याउनेबारे अवगत गराइन्। उनले समुदाय स्वीकृति, लैङ्गिक–सकारात्मक हेरचाहको लागि प्रशिक्षित स्वास्थ्यकर्मी र जिल्लामा ओपियोइड प्रतिस्थापन थेरापी (ओएसटी) केन्द्र स्थापनाको आवश्यकतामाथि प्रकाश पारिन्।

अधिवक्ता मारिना राईले उल्लङ्घनका लागि दण्डसहित ट्रान्सजेन्डर अधिकारहरूको सुरक्षा गर्ने कानुनी ढाँचाबारे विस्तृत रूपमा वर्णन गर्दै एनडीपीएस र साडा ऐन अन्तर्गतका प्रावधानहरूबारे जानकारी दिइन्। व सभालाई सम्बोधन गर्दै मुख्य अतिथि मङ्गनका एडीएम पेमा वाङ्चेन नामकर्पाले आयोजक र स्रोतवक्ताहरूप्रति कृतज्ञता व्यक्त गरे। उनले चर्चा गरिएका मुद्दाहरूको महत्त्वमाथि जोड़ दिँदै जिल्ला एनसीओआरडी समितिले लागूऔषधको खतरासँग लड्न युद्धस्तरमा काम गरिरहेको बताए। उनले ट्रान्सजेन्डर अधिकार र लागूपदार्थ दुरुपयोगबारे जमिनी स्तरको जागरूकताको महत्त्वमाथि जोड़ दिँदै यो साझा सामाजिक जिम्मेवारी रहेको बताए।

यसअघि, समाज कल्याण विभागका उपनिर्देशक राम तामाङले नशा मुक्ति भारत अभियानको उद्देश्यबारे जानकारी दिए भने पीआई समीर सुब्बाले जिल्लामा प्रचलित लागूपदार्थ दुरुपयोगका घटनाहरूको बारेमा जानकारी साझा गरे।

कार्यक्रमको समाप्तिमा ट्रान्सजेन्डर व्यक्ति समाजका अभिन्न अङ्ग रहेको र व्यक्तिगत छनोटको सम्मान गर्ने र मर्यादा र समावेशीकरणलाई प्रवर्द्धन गर्ने कुरामा जोड़ दिँदै समान सबै समान व्यवहारको हकदार रहेको बताइयो। वक्ताहरूले पदार्थ दुरुपयोगबाट प्रभावित व्यक्तिहरूलाई कलङ्कको सट्टा करुणा र पुनर्वासको आवश्यकता पर्ने कुरामा पनि जोड़ दिए, जसले समझदारी र समर्थनका साथ प्रतिक्रिया दिन समाजको साझा जिम्मेवारीलाई जोड़ दियो। कार्यक्रममा वरिष्ठ कल्याण अधिकारी गणेश थापा, जेडी पेम्पा एन शेर्पा, समाज कल्याण विभागका अधिकारी, कर्मचारी र सहभागीहरूको पनि उपस्थिति थियो।

# एसजीसी रिनाकमा टुर गाइडिङ र टुर अपरेशनसम्बन्धी सप्ताहव्यापी राष्ट्रिय कार्यशाला शुरु

**पाकिम, १० फरवरी (आईपीआर):** पर्यटन क्षेत्रमा क्षमता निर्माण र कौशल विकासतर्फ एक कदमको रूपमा सिक्किम सरकारी कलेज (एसजीसी), रिनाकमा मङ्गलवार टुर गाइडिङ र टुर अपरेशनसम्बन्धी सप्ताहव्यापी राष्ट्रिय कार्यशाला औपचारिक रूपमा उद्घाटन गरिएको छ।

राष्ट्रिय उच्चतर शिक्षा अभियान (आरयूएसए)–को वित्तीय सहयोगमा एसजीसी रिनाकको अनुसन्धान कक्षले यो कार्यशाला आयोजन गरिरहेको छ। कार्यक्रमको प्राथमिक उद्देश्य व्यावसायिक दक्षता बढ़ाउनु, करियरको सम्भावनाबारे जागरूकता सिर्जना गर्नु र तीव्र गतिमा बढ्दो पर्यटन उद्योगमा आवश्यक व्यावहारिक ज्ञान र कौशलले युवाहरूलाई सुसज्जित गर्नु हो। उद्घाटन कार्यक्रममा रिनाकका विधायकका ओएसडी डीबी छेत्री, आईटी विभागका ओएसडी बुम छिरिङ योञ्जन र मुख्यमन्त्रीका सीए उर्गेन लेप्चाको उपस्थिति रहेको थियो।



सभालाई सम्बोधन गर्दै रिनाकका विधायकका ओएसडी डीबी छेत्रीले मुख्यमन्त्री पीएस गोलेको नेतृत्वमा सिक्किम सरकारले सञ्चालन गरेका विभिन्न पहल, योजना र विकास परियोजनाहरूबारे विस्तृत रूपमा चर्चा गरे। उनले राज्यमा पर्यटन क्षेत्रको निरन्तर विकास, विविधीकरण र सुदृढ़ीकरणमा जोड़ दिँदै विद्यार्थीहरूलाई पर्यटनमा करियर र उद्यमशीलता सक्रिय रूपमा अन्वेषण गर्न प्रोत्साहित गरे।

कार्यशालाका प्राविधिक सत्रहरू स्रोतवक्ता उपनिर्देशक (आईक्यूपी/सीएभी/आईटी), पर्यटन विभाग प्रशान्त पाख्रिनद्वारा सञ्चालन गरिँदैछन्। कार्यशाला सिक्किमको पर्यटन क्षेत्रको सिंहावलोकन प्रदान गर्नमा केन्द्रित छ, जसमा सतत पर्यटन र उद्यमशीलतालाई प्रवर्द्धन गर्ने सरकारी नीति, योजना, प्रोत्साहन र उत्तम अभ्यासहरूमाथि जोड़ दिइएको छ।

कार्यशालाका संयोजक डा. छुनु गिरीले सत्रहरूको संरचना र कार्यशालाबाट अपेक्षित शिक्षण परिणाममाथि प्रकाश पार्दै हप्ताभरि हुने कार्यक्रमको विस्तृत रूपरेखा प्रस्तुत गरिन्। त्यसरी नै सिक्किम सरकारी कलेज रिनाककी प्रिन्सिपल डा. शोभा शर्मा (वशिष्ठ)–ले पर्यटन र आतिथ्य क्षेत्रमा भविष्यका चुनौती र अवसरहरूको सामना गर्न विद्यार्थीहरूलाई तयार पार्ने पहलको सान्दर्भिकतालाई जोड़ दिइन्। कार्यक्रममा सङ्काय सदस्य, स्थानीय प्रतिष्ठित व्यक्ति र विद्यार्थीहरू पनि उपस्थित थिए।

# याङ्गाङमा क्यानरा ब्याङ्कको शाखाको उद्घाटन

**गान्तोक, १० फरवरीः** सिक्किम विश्वविद्यालयले क्यानरा ब्याङ्कको याङ्गाङ शाखाको उद्घाटनसँगै वित्तीय पूर्वाधार र सामुदायिक पहुँचलाई सुदृढ़ पार्ने दिशामा एक महत्त्वपूर्ण कदम चालेको छ। सिक्किम विश्वविद्यालयका उपकुलपति प्रोफेसर सान्तनु कुमार स्वैनले क्यानरा ब्याङ्कका महाप्रबन्धक एके मिश्राको उपस्थितिमा शाखाको औपचारिक उद्घाटन गरे। यस अवसरमा बोल्दै प्रोफेसर स्वैनले याङ्गाङमा क्यानरा ब्याङ्क शाखा स्थापना गर्नु विद्यार्थी, सङ्काय सदस्य, गैर–शिक्षक कर्मचारी र नजिकैका क्षेत्रका बासिन्दाहरूका लागि अत्यधिक लाभदायक हुने कुरामा जोड़ दिए। उनले नजिकै ब्याङ्किङ सेवाहरूको उपलब्धताले सहज वित्तीय लेनदेन, छात्रवृत्ति र फेलोशिपको समयमै वितरण, डिजिटल ब्याङ्किङमा पहुँच र विश्वविद्यालय समुदायको लागि समग्र वित्तीय सुविधालाई सहज बनाउने कुरामा जोड़ दिए। उपकुलपतिले थप प्रकाश पारे अनुसार नयाँ शाखाले स्थानीय आबादीलाई पहुँचयोग्य र भरपर्दो ब्याङ्किङ सेवा प्रदान गरेर वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्न र क्षेत्रको सामाजिक–आर्थिक विकासलाई समर्थन गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ।

क्यानरा ब्याङ्कका महाप्रबन्धक एके मिश्राले सिक्किम विश्वविद्यालयको सहयोगको लागि आभार व्यक्त गर्दै विश्वविद्यालय समुदाय र वरपरका समुदायलाई कुशल, ग्राहकमैत्री र समावेशी ब्याङ्किङ सेवा प्रदान गर्ने ब्याङ्कको प्रतिबद्धता दोहोर्‍याए। क्यानरा ब्याङ्कको याङ्गाङ शाखाको उद्घाटनले संस्थागत विकास, सामुदायिक सहभागिता र क्षेत्रीय विकासलाई बढ़ावा दिन सिक्किम विश्वविद्यालय र क्यानरा ब्याङ्कको सहयोगी प्रयासहरूलाई प्रतिबिम्बित गर्दछ।

**बैंक ऑफ़ बड़ौदा Bank of Baroda**

**मेट्रो पोइन्ट शाखा, गान्तोक**
टाइटानिक स्ट्यान्डको विपरीत, सिक्किम ट्रेडर्स भवन गान्तोक, पूर्व सिक्किम 737101, ईमेलः vjgatk@bankofbaroda.com

**परिशिष्ट IV, नियम 8(1) स्वामित्व सूचना (अचल सम्पत्तिको लागि)**

जबकिः वित्तीय सम्पत्तिको धितोकरण र पुनर्निर्माण र सुरक्षा हितको प्रवर्तन ऐन, 2002 अन्तर्गत र सुरक्षा हित (प्रवर्तन) नियम, 2002 को [नियम 3] सँग पठन गरिनुपर्ने धारा 13(12) अन्तर्गत दिइएको अधिकार प्रयोग गर्दै ब्यांक अफ बड़ौदा का अधिकृत अधिकारी रहेकोले निम्न हस्ताक्षरकर्ताले **29.10.2025** मा **श्री अमृत गुरुङ, पिता स्वर्गीय दुर्गा बहादुर गुरुङ, भुसुक, नैताम नजिक, डाँड़ागाउँ कोपोरेटिभ सोसाइटी, मेरुङ, पूर्व सिक्किम, पिन–737103 लाई 29.10.2025** को सूचनामा उल्लेख गरिएको रकम **8,35,906 रु. (आठ लाख पैंतिस हजार नौ सय छः ) + थप ब्याज र त्यसमा लाग्ने अन्य लागत**हरू साथै सम्झौता दरमा थप ब्याजसहित लागत, शुल्क र खर्चहरू उक्त सूचना प्राप्त भएको मितिदेखि 60 दिनभित्र भुक्तानी मितिसम्म फिर्ता गर्न आह्वान गरिएको छ।

ऋणी र/वा जमानीकर्ताले रकम फिर्ता गर्न असफल भएमा, ऋणी र/वा जमानीकर्ता र सर्वसाधारणलाई यो सूचना दिइन्छ कि निम्नहस्ताक्षरकर्ताले ऐनको धारा 13 को उपधारा (4) अन्तर्गत, सुरक्षा हित (प्रवर्तन) नियम, 2002 को नियम 8 सँग पठन गरिनुपर्छ, **9 फरवरी, 2026** मा निम्न वर्णन गरिएको सम्पत्ति आफ्नो स्वामित्वमा लिएको छ।

**ऋणी/ग्यारेन्टर/ जमानतकर्तालाई उपलब्ध समयको सन्दर्भमा ऐनको धारा 13 को उपधारा (8) को प्रावधानअनुसार सुरक्षित सम्पत्तिहरू फिर्ता गर्न आह्वान गरे।**
ऋणीलाई विशेष गरी सर्वसाधारणलाई यस सम्पत्तिसँग कारोबार नगर्न चेतावनी दिइएको छ र सम्पत्तिसँगको कुनै पनि कारोबारमा ब्यांक अफ बड़ौदाको शुल्क लाग्नेछ जसको कुल रकम **29.10.2025** सम्म रु. **8,35,906/-** + लागू नगरिएको र सेवा नगरिएको ब्याज + थप ब्याज + अन्य शुल्कहरू (रुपियाँ आठ लाख पैंतिस हजार नौ सय छ + लागू नगरिएको र सेवा नगरिएको ब्याज + थप ब्याज + अन्य शुल्कहरू) रहेको छ।

**अचल सम्पत्तिको विवरण**
जमिन र भवनको दर्ता गरिएको धितो। 0.0399 हेक्टर, खतियान नम्बर 668, प्लट नम्बर 398/1518 मापन गरिएको, सिक्किमको पूर्व जिल्लाको गान्तोक महकुमा रोङ्गे ब्लक खतियान अन्तर्गत दर्ता गरिएको, मेरुङ बस्ती, एसपीडब्ल्यूडी भुसुक रोड, श्री. दसाना शेर्पाको भवन नजिकै पी.ओ. राजभवन, पूर्व जिल्ला, सिक्किम–737103 मा अवस्थित छ।
**सीमा; उत्तरमाः श्री फुर्वा शेर्पाको जग्गा, दक्षिणमाः स्वर्गीय प्रेमकुमारी गुरुङको सम्पत्ति, पूर्वमाः चानमारी गान्तोकबाट भुसुक जाने बाटो। पश्चिममाः श्री हीरा गुरुङको जग्गा।**

मितिः 09.02.2026
स्थानः गान्तोक

अधिकृत अधिकारी
ब्यांक अफ बड़ौदा

# एफएलडब्ल्यू २०२६- आरबीआई गान्तोकद्वारा पाकिम जिल्लाका शिक्षकहरूका लागि 'प्रशिक्षकलाई तालिम' वित्तीय साक्षरता कार्यक्रम आयोजित




**पाकिम, १० फरवरी (आईपीआर):** वित्तीय साक्षरता सप्ताह २०२६ को अवसरमा भारतीय रिजर्भ ब्याङ्क (आरबीआई) गान्तोकले मङ्गलवार पाकिमको रुर्बनस्थित आरडीडी सामुदायिक परिसरमा पाकिम जिल्लाका स्कूल शिक्षकहरूका लागि 'प्रशिक्षकलाई तालिम' वित्तीय साक्षरता कार्यक्रम आयोजन गर्‍यो। विद्यालयहरूमा वित्तीय जागरूकताको संस्कृतिलाई बढ़ावा दिन र विद्यार्थीहरूलाई आवश्यक वित्तीय ज्ञान प्रदान गर्न शिक्षकहरूलाई सुसज्जित गर्न यो कार्यक्रम आयोजन गरिएको थियो।

सत्रको क्रममा आरबीआई गान्तोकका प्रबन्धक सोहन सिंह राजपुरोहितले वित्तीय साक्षरताका चार स्तम्भ– केवाईसीका विभिन्न पक्ष, नामाङ्कन सुविधाको महत्त्व, साइबर ठगीविरुद्धको रोकथामका लागि सुझाउ र आधारभूत बचत ब्याङ्क जमा खाता खोल्ने, असफल डिजिटल भुक्तानी लेनदेनको सहारा लिने, च्यातिएका र बिग्रेका नोटहरूको आदान–प्रदान र आरबीआई एकीकृत लोकपाल योजना जस्ता ग्राहक सेवासँग सम्बन्धित महत्त्वपूर्ण दिशानिर्देशहरूबारे प्रकाश पारे। यसका साथै, विद्यार्थीहरूलाई शिक्षण हस्तान्तरण गर्ने विभिन्न विधिहरूबारे पनि चर्चा गरियो।

शिक्षा विभागकी संयुक्त निर्देशक पूनम प्रधानले शिक्षकहरूलाई वित्तीय ज्ञानले सशक्त बनाउनाले गुणात्मक प्रभाव सुनिश्चित हुन्छ, जसले गर्दा उनीहरू विद्यार्थीहरूलाई सूचित निर्णय लिने दिशामा मार्गदर्शन गर्न सक्षम हुने र उनीहरूलाई आफ्ना विद्यार्थीहरूमाझ शिक्षणलाई विस्तार गर्न आग्रह गरिन्। जिल्लाका सरकारी सहायता प्राप्त विद्यालयहरूका लगभग ५५ शिक्षकले कार्यक्रममा भाग लिए।

कार्यक्रम शिक्षा विभागकी संयुक्त निर्देशक पूनम प्रधानको सहयोगमा समन्वय गरिएको थियो भने सहजीकरण आरबीआई गान्तोककी सहायक पेमा ल्हमु भोटिया र वित्तीय साक्षरता केन्द्र टोली, रिनाककी प्रमिला शर्मा, मीना शर्मा र कौशिला छेत्रीले गरेका थिए।

**बैंक ऑफ़ बड़ौदा Bank of Baroda**

**मेट्रो पोइन्ट शाखा**
टाइटानिक स्टचान्डको विपरीत, सिक्किम ट्रेडर्स भवन, गान्तोक, पूर्व सिक्किम 737101, ईमेलः VJGATK@bankofbaroda.bank.in

**ई–लिलामी बिक्री सूचना**

**अनुसूची–क**
**अचल सम्पत्तिको बिक्रीको लागि बिक्री सूचना परिशिष्ट–IV–क [नियम 8 (6) र 9 (1) को प्रावधान हेर्नुहोस्]**

**वित्तीय सम्पत्तिको धितोकरण र पुनर्निर्माण र धितो हित प्रवर्तन ऐन, 2002 अन्तर्गत अचल सम्पत्तिको बिक्रीको लागि ई–लिलामी बिक्री सूचना, धितो हित (प्रवर्तन) नियम, 2002 को नियम 8(6) र 9(1) को प्रावधान सहित पठन गरिनुपर्छ।**
यहाँ सर्वसाधारणलाई विशेष गरी ऋणी(हरू), धितो दिने(हरू) र ग्यारेन्टर(हरू) लाई सूचना दिइन्छ कि सुरक्षित ऋणदातालाई धितो राखिएको/चार्ज गरिएको तल वर्णन गरिएको अचल सम्पत्ति, जसको कब्जा **ब्यांक अफ बड़ौदा**का अधिकृत अधिकारी, सुरक्षित ऋणदाताले लिएको छ, तल उल्लिखित खाता/हरू मा बाँकी रहेको रकमको असुलीका लागि **'जस्तो छ, त्यस्तै', 'जे छ त्यही' र 'जेजति छ त्यही'** आधारमा बिक्री गरिनेछ। ऋणी/धितो दिने/ग्यारेन्टर/हरू/सुरक्षित सम्पत्ति/हरू/बक्यौता/रिजर्भ मूल्य/ई–लिलामी मिति र समय, ईएमडी र बोली वृद्धि रकमको विवरण तल उल्लेख गरिएको छः

| क्रम/लट सं. | ऋणी/जमानतकर्ता/धितोकर्ता (हरू) को नाम र ठेगाना | ज्ञात दायित्वहरू भएको अचल सम्पत्तिको विस्तृत विवरण, यदि कुनै छ भने (मालिक/धितो राख्ने व्यक्तिको नाम) शाखाः मेट्रो पोइन्ट | कुल बक्यौता | ई–लिलामीको मिति र समय | आरक्षित मूल्य / ईएमडी मूल्य / डाक वृद्धि मूल्य | स्वामित्वको स्थिति (प्रतीकात्मक/शारीरिक) | सम्पत्ति निरीक्षण मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 1 | **मेसर्स नेचर्स बेभरेजेस एण्ड फुड्स इन्टरप्राइज मालिक–श्री लीला राम कोइराला**, घर सं. एसएमके/02/104/1, शर्मा नन्द कोइराला, तुमिन खोला पुल नजिक, राले, पूर्व सिक्किम, सिक्किम–737107 **श्री पुकार पाण्डे (ग्यारेन्टर)** छोरा सोमनाथ पाण्डे, पश्चिम पाण्डाम, लोअर सावने, जिल्ला अस्पताल माथि, सिङ्ताम–737134 | **1. सम्पत्ति पञ्जीकरण गरिएको जग्गाको धितो र त्यसमा निर्माण भएको अर्थात् भवन सहितको जग्गा विकास/संरक्षण कार्यसहितको राले खेसे ब्लक, र सामदोङ इलाका, गान्तोक महकुमा, पूर्व जिल्ला, सिक्किङ्ग अवस्थित। खतियान सं 564, प्लट नम्बर 1616/2518, श्री लीला कोइराला (लीला राम कोइराला) को नाङ्ग 0.0410 हेक्टर मापनको प्लट।** सिमानाः उत्तर – शर्मा नन्द कोइरालाको सम्पत्ति। दक्षिण – शर्मा नन्द कोइरालाको सम्पत्ति। पूर्व– शर्मा नन्द कोइरालाको सम्पत्ति। पश्चिम – शर्मा नन्द कोइरालाको सम्पत्ति **2. मेसिनरी – सबै प्लान्ट, मेसिनरी र विविध स्थिर सम्पत्तिहरू जुन सिभिल कार्यहरूसँगै एकाइसँग जोड़िएका वा भित्र राखिएका छन् र ब्यांकलाई धितो राखिएको थियो।** | **रु.1,15,45,342.32** (रुपियाँ एक करोड़ पन्ध्र लाख पैँतालिस हजार तीन सय बत्तीस पैसा मात्र) + लागू नभएको ब्याज + बाँकी नभएको ब्याज + त्यसमा अन्य लागत। | **17-03-2026** समय दिउँसो 2:00 बजीदेखि साँझ 6:00 बजी सम्म | **रु.1,05,80,000.00** / **रु.10,58,000.00** / **रु.10,000.00** | प्रतीकात्मक | **10-03-2026 अपराह्न 3:00 – साँझ 5:00 मोबाइल–7908403996 (पूर्व अपोइन्टमेन्टसहित)** |

बिक्रीको विस्तृत नियम र शर्तहरूको लागि, कृपया वेबसाइट लिङ्क **https://www.bankofbaroda.bank.in/e-auction.htm** र अनलाइन लिलामी पोर्टल **https://baanknet.com** हेर्नुहोस्/लिङ्क गर्नुहोस्। साथै, सम्भावित बोलपत्रदाताहरूले मोबाइल **7908403996** मा अधिकृत अधिकारीलाई सम्पर्क गर्न सक्छन्।
1. बिक्री सुरक्षित ऋणदाता ब्यांक द्वारा पुष्टिकरणको विषय हो।
2. सम्पत्ति प्रतीकात्मक कब्जामा छ र बोलपत्रदाताले आफ्नो जोखिम र जिम्मेवारीमा प्रतीकात्मक कब्जामा सम्पत्ति खरिद गरिरहेको छ।
3. ब्यांकले प्रतीकात्मक रूपमा मात्र सम्पत्तिको कब्जा हस्तान्तरण गर्नेछ र सफल लिलामी बोलपत्रदाता/खरीदकर्ताले ब्यांकबाट भौतिक कब्जा दाबी गर्ने छैन।
4. भौतिक कब्जा हस्तान्तरणको लागि बैंक जिम्मेवार वा कर्तव्य बाध्य हुनेछैन।
5. सफल लिलामी खरिदकर्ताले पैसा फिर्ताको कुनै पनि अवस्थामा कुनै पनि ब्याज दाबी गर्न हकदार हुनेछैन।
6. सफल लिलामी खरिदकर्ताले ई–लिलामी पछि तुरुन्तै माथिका नियम र शर्तहरू पुष्टि गर्ने घोषणापत्र सह–अन्डरटेकिङ पेश गर्नुपर्नेछ।
7. बिक्री पछि यदि सफल बोलपत्रदाताले घोषणापत्र र सम्झौता पेश गर्न असफल भएमा, बोलपत्र ईएमडी रकम जफत गरिनेछ।

**मितिः10-02-2026**
**स्थानः गान्तोक**

**अधिकृत अधिकारी**
**ब्यांक अफ बड़ौदा**

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक–737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक–737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादकः राजेन्द्र प्रधान, सम्पादकः श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्सः 231265। ईमेलः himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386